श्री
# उच्च अदालत तुलसीपुर बुटवल इजलास
रुपन्देही

फोन नं. ०७१- ५४०११० / ५४०१२६ / ५४९११०
फ्याक्स नं. ०७१-५४११६१
E-mail: infoacbutwal@acourt.gov.np

मिति २०७८।२।३१

चलानी नं. :-

पत्र संख्या :-

## विषयः सूचना ! सूचना !! सूचना !!!

आज मिति २०७८।२।३१ गते सोमबारका दिन उच्च अदालत तुलसीपुर बुटवल इजलासका मुख्य भई काम गर्ने माननीय न्यायाधीश श्री शिवराज अधिकारीज्यूको अध्यक्षतामा बसेको यस अदालतको पूर्ण बैठकबाट तपसिल बमोजिमको निर्णय भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

तपसिल

कोभिड-१९ को संक्रमणको जोखिमका कारण यस अदालतको मिति २०७८।१।१५ को पूर्ण बैठकको निर्णयानुसार मिति २०७८।१।१६ गते देखि लागू हुने गरी अदालतबाट प्रवाह हुने सेवाहरु संकुचन भई पटक पटकको पूर्ण बैठकबाट सेवाहरु थप रुपमा सुचारु गरिँदै आएकोमा आज मिति २०७८।२।३१ को पूर्ण बैठकबाट मिति २०७८।३।१ गते देखि निम्न सेवाहरु थप रुपमा प्रवाह गर्ने र उल्लेखित बाहेकका अन्य सेवाहरु पूर्ववत रुपमा स्थगन गर्ने निर्णय गरियो ।

तपसिल

१. पक्षहरुको निवेदन पर्न आएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरुको पूर्ण सुनुवाई गर्ने ।

२. पक्षहरुको निवेदन पर्न आएमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ बमोजिमका निवेदनहरुको पूर्ण सुनुवाई गर्ने र नयाँ दर्ता समेत गर्ने।

३. निषेधाज्ञाको निवेदनहरुको दर्ता एवं प्रारम्भिक सुनुवाई समेत गर्ने ।

४. कारागार कार्यालय मार्फत प्राप्त हुने पुनरावेदनपत्रहरु दर्ता गरी सुनुवाई समेत गर्ने ।

५. मुद्दाका दुवै पक्षहरुको निवेदन पर्न आएमा दर्ता भएका मुद्दाहरुको पूर्ण सुनुवाई गर्ने।

(...........)
२०७८।२।३१
अच्युत कुईकेल
रजिष्ट्रार (सहसचिव)